# धनौजी गाउँपालिका सेवा एन २०७८

१. प्रस्तावना :

साविक स्थानिय तह (गाविस)बाट कर्मचारीहरुको समायोजन भई धनौजी गाँउपालिकामा काम काज गर्न खटिए पश्चात साविकको गा.वि.स. तथा हालको गाँउपालिका सेवामा प्रवेश गरी हाल सम्म रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा तथा (स्तर वृद्दी) नभई समायोजन भएका कारण धनौजी गाँउपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको सम्वत २०७४ साल देखी विज्ञापन र बढुवा नहुदा तथा हाल प्रदेशिक सेवा एन वा प्रदेश सरकार बाट प्रदेश नं.२का स्थानीय तहहरुमा कार्यरत साविकका गाविस का स्थायी कर्मचारहरुको वृति विकाश सुविधा आदि सम्बन्धमा नियमावली,नियम,मापदण्ड जारी नभएकोले कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ को उपदफा ४ समेतलाई आधारमानी गाँउपालिका सेवामा कार्यरत रहेका स्थानिय तह गा.वि.स. हाल गाँउपालिका बाट कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ तथा स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ८५को उप दफा ३ बमोजिम धनौजी गाँपालिका को निर्णयानुसार स्थाई कर्मचारीहरुको स्तर वृद्दि नभई समायोजन भई गाँउपालिकाका पदस्थापना भएका कर्मचारीहरुको स्तर वृद्दि बढुवा गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छिनीय भएकोले स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा १०२ को उप दफा १ बमोजिम धनौजी गाँपालिकाको सातौ गाँउसभाले यो ऐन बनाएको छ।

सँक्षिप्त नाम र प्रारम्भः १ यस ऐनको नाम धनौजी गाँउपालिका सेवा ऐन २०७८ रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क.कर्मचारी भन्नाले तत्कालिन स्थानिय निकायको रुपमा रहेको साविक को गाविस मा स्वीकृत दरबन्दीमा कार्यरत रही सेवा निरन्तर रही हाल धनौजी गाँपालिकामा हस्तानान्तरण वा समायोजन भएका कर्मचारी हरुको स्तर वृद्दी वा बढुवा नभइ समायोजन भइ पदस्थापनमा भएका गाँउपालिका सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

ख. कार्यपालिका भन्नलाले भनौजी गाँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ग. तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन र गाँउपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

घ. गाँउसभा भन्नाले धनौजी गाँउपालिकाको गाँउसभालाइ सम्झनु पर्छ।

ङ्. प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियूक्त गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

च. गाँउपालिकासेवा भन्नाले धनौजी गाँपालिकामा साविकको स्थानिय निकाय (गाविस)मा स्थायी रुपमा नियूक्त भई हाल सम्म कार्यरत रहेका कर्मचारी सम्झनु पर्छ

छ. स्थानिय कानुन भन्नाले धनौजी गाँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. गाँउपालिका सेवामा कर्मचारी समायोजन स्तर वृद्दि बढुवा गर्ने (१) साविकको स्थानिय निकायको रुपमा गाँउपालिकामा स्थाइ रुपमा सेवा प्रवेश गरेका स्थानिय निकायमा नियूक्त भई पदस्थापना तथा स्तर वृद्दि बढुवा नभइ कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ तथा स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ८५ को उपदफा ३ बमोजिम गाउँपालिकाको निर्णय अनुसार समायोजन भएका र यो ऐन जारी हुदाका बखत गाँउपालिकामा कार्यरत साविकका गाविस मा कार्यरत स्थाइ कर्मचारीहरुको स्तर वृद्दि बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको गाँउपालिका सेवाका कर्मचारीहरुको स्तर वृद्दि तथा बढुवा देहाय बमोजिम हुनेछ ।

(क) कार्यसम्पादन मुल्यांकन बापत -५०

(ख)जेष्टता बापत -३५

(ग)शैक्षिकयोग्यता बापत -१०

(घ)सेवा कालिन तालिम बापत -५

(४)उप-दफा (२)को खण्ड (क)बमोजिम छुटयाएको अंकलाई देहाय बमोजिम विभाजन गरिएकोछ :-

(क)सुपरिवेक्षक ले दिन सकने अधिकतम अंक -३०

(ख)पुनरावलोकन कर्ताले दिन सकने अधिकतम अंक -२०

| सि.नं. | तह | पद | स्तर वृद्दि । बढुवा पश्चात कायम हुने तह | पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक स्तर चौथो | खरिदार | सहायक स्तर पाचौ । | नासु | |
| २ | सहायक स्तर चौथो | प्राविधिक सहायक | सहायक स्तर पाचौ । | प्राविधिक सहायक | |

(५) उपदफा (१) बमोजिम स्तर वृद्धि वढुवा गर्न देहाय बमोजिमको समिति रहने छ |

(क)गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख)गाउँपालिकाको छैठौ तहको अधिकृत (सम्भव भएसम्म प्रशासन समुह) सदस्य

(ग)जिल्ला समन्वय समिति कार्यालयको प्रतिनिधि सदस्य

(घ)जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सदस्य

(ड.)संयोजकले तोकेको गाउँपालिका को सहायक पाचौ स्तर वा सो सरह को कर्मचारी सदस्य सचिव

(६) उपदफा २ बमोजिम पदनाममा सम्बन्धित सेवाका समुहलाई पदनाम कायम हुने छ ।

(७) सहायक स्तर चौथो तहका प्राविधिक सहायक, खरिदार पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्दि हुने छ ।

(८) यस दफा बमेजिम गाँपालिका सेवाका कर्मचारी समायोजन स्तर वृद्दि बढुवा हुदा कायम हुने तलव निजले साविकमा खाइपाइ आएको तलव भन्दा कम हुने भएमा आवश्यक ग्रेड थप गरी मिलान गरिने छ ।

(९) उपदफा १ बमोजिम समायोजन स्तर वृद्दि बढुवा स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तह र पदको निमित तोकिएको सुरु तलवमान र सुविधाहरु प्राप्त गर्नेछन ।

(१०) माथिका उपदफा हरुमा जुनसुकै कुरा लेखिएको भएता पनि सहायक स्तर चौथो तह खरिदार मा प्रशासन तर्फका पदमा मिति २०६४ माघ मसान्त सम्ममा स्थाइ भइ गाँउपालिका सेवामा कार्यरत स्थाइ कर्मचारी हरुलाइ स्वतः एक तहमाथि को पदमा स्तर वृद्दि बढुवा गरिनेछ ।

(११)उपदफा ५ बमोजिमगठित समितिको काम कर्तव्य अधिकार प्रचलित कानुन ब्मोजिम्हुने छ |

४ **स्तर वृद्दि बढुवा र स्थाइको पत्र दिने :** उपदफा १ यस ऐन बमोजिम स्तर वृद्दि बढुवा भए पश्चात गाँउपालिका सेवाका कर्मचारीहरुलाइ प्रमुख प्रशासकीय अधिकृतले बढुवा तथा स्थाइ भएको पत्र तुरुन्त दिनुपर्नेछ ।

२.उपदफा १ बमोजिम दिइने पत्र अनुसुची १ बमोजिमको हुने छ ।

५. पदस्थापना गरिने : यस ऐन बमोाजिम स्तर वृद्दि बढुवा  भए पश्चात गउाँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गरिने छ ।

६. स्तर वृद्दि बढुवा भएका कर्मचारीहरुको सेवा सुविधा : १ यस ऐन बमोजिम स्तर वृद्दि बढुवा  भएका गाँउपालिका सेवाका कर्मचारीको तलव तथा अन्य सुविधा स्थानिय कानुनलाई तोके बमोजिम हुनेछ ।

२. उप दफा १ मा जुन सुकै कुरा लेखिए भए तापनी गाँउपालिका सेवाका कर्मचारकिो तलव तथा अन्य सुविधा नेपाल सरकारको निजामती कर्मचारी सरहको सेवा सुविधा पाउने छ ।

७. मुल दरबन्दी सम्बन्धी व्यवस्था : दफा ३ बमोजिम स्तर वृद्दि बढुवा भएका गाउँपालिका सेवाका कर्मचारीह्रुलाई स्तर वृद्दि बढुवा  पश्चात पदस्थापना गर्नु अघि सवतः फुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी स्तर वृद्दि बढुवा  भइ फुल दरबन्दीमा कायम भएका कर्मचारीलाइ स्तर वृद्दि भए बमोजिमको पदमा पदस्थापना गरी काम गर्न बाधा पर्ने छैन ।

८. जेष्ठताको गणना : १ यस ऐन बमोजिम स्तर वृद्दि बढुवा  हुने कर्मचारीहरुको जेष्ठता स्तर वृद्दि बढुवा र स्थाइ  हुनुपूर्वका तहमा काम गरेको अवधि र तह प्रवेश गरेको कमलाइ बढुवा भइ कायम हुने पदका लागी गणना गरिन्छ ।

२. उपदफा १ बमोजिम जेष्ठता गणना भए तापनी स्तर वृद्दि बढुवा पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुने छ ।

९.खारेजी : यो ऐन प्रारम्भ हुनु अघि कर्मचारी स्तर वृद्दि बढुवा सम्बन्धमा गाउँपालिका, कार्यपालिका,र कार्यालयबाट जारी गरिएका कार्यविधि खारेज गरिएको छ ।

१०.अमान्य हुने : प्रदेशिक सरकार बाट स्थानीय तहमा कार्यरत साविकका स्थानीय निकाय कर्मचारीहरुका लागि संघीय नियमावली यस एन सँग बाझिएमा बाझिएका वुदाहरु बाझिएको हदसम्म अमान्य हुनेछ |

११.. आवश्यक व्यवस्था मिलाउने : यो ऐन कार्यान्वयन गर्ने कममा कुनै कटिनाइ उत्पन्न भएमा कार्यपालिकाले यो ऐन को प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसुची १

दफा ४को उपदफा (२) सँग सम्बन्धित

बढुवा पत्र

प.स. मिति

च.नं.

श्री

विषय : स्तर वृद्दि बढुवा गरिएको सम्बन्धमा ।

धनौजी गाँउपालिका सेवा ऐन २०७८ बमोजिम जेष्टता  गणना हुने गरि तपाइलाइ धनौजी गाँपालिकाको देहाय बमोजिमको पद तथा तहमा स्तर वृद्दि बढुवा गरिएको छ ।

आफुलाइ तेकिएको जिक्वारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपूर्वक सम्पादन गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । स्तर वृद्दि बढुवा हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | स्तर वृद्दि बढुवा पश्चात कायम हुने विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवा :<br>समुह | पदः<br>तहः<br>सेवा :<br>समुह |

प्रमुख प्रशासकीय अधिकृत